नि.प्र.का. सप्तरी द.नं. ३३/०४८/०४९
# राजविराज दैनिक
स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३०　अंक ११९　२०७७ साल मंसिर २० गते शनिबार (5 Dec. 2020 Saturday)　मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : ओलीको निरंकुशताले ... ३ पृष्ठमा : 'जीवनरक्षक खोप ... ३ पृष्ठमा : बाइडेनको पहिलो काम : ...

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- फरार अभियुक्तले सार्वजनिक संस्थाबाट पाउने सेवा सुविधा लिन नपाउने र निजको अधिकार कटौती हुने,
- आफ्नो नाममा जारी भएको म्याद नबुझ्ने वारिस वा कानून व्यवसायीलाई अदालतमा प्रतिनिधित्व गर्न नदिने,
- सरकारवादी मुद्दाका साक्षीलाई सरकारले दैनिक भ्रमण भत्ताको सुविधा र आवश्यकता अनुसार सुरक्षा प्रदान गर्ने,
- नबुझी नहुने साक्षी उपस्थित नभएमा जरिबाना तथा पक्राउ गर्न सकिने,
- पीडित वा साक्षीको परिचय गोप्य राख्न सकिने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# प्रधानमन्त्री कपका लागि क्रिकेट खेलाडीको बन्द प्रशिक्षण



**दैनिक समाचारदाता**
**राजविराज, १९ मंसिर ।**

सप्तरीमा आठ महिनापछि खेलकुद गतिविधी सुरु भएको छ । कोरोना महामारीका कारण लामो समयदेखी ठप्प रहेको खेलकुद गतिबिधि आवश्यक स्वास्थ्य सावधानी अपनाउँदै संचालनमा आएको हो ।

आगामी पुस ११ गतेदेखी काठमाडौंमा हुने प्रधानमन्त्री कप राष्ट्रिय पुरुष क्रिकेट प्रतियोगिता तथा दाङको लमहीमा हुने राष्ट्रिय महिला क्रिकेट प्रतियोगितामा सहभागि हुन सप्तरीका क्रिकेट खेलाडीहरुको छनौट सुरु भएको छ ।

विगत तीन दिनदेखी राजविराजस्थित राजरंगशालामा पुरुषतर्फको तथा सुरुङा नगरपालिकाको कुशहास्थित श्री मसिलाल माविको खेलमैदानमा महिलातर्फको छनौट र बन्द प्रशिक्षण सुरु भएको क्रिकेटका प्रशिक्षक राजकुमार दासले जानकारी दिएका छन् ।

राजरंगशालामा सुरु भएको पुरुषतर्फको बन्द प्रशिक्षणमा राष्ट्रिय खेलाडी महबुब आलम,

***बाँकी दुई पृष्ठमा***

# कैदीबन्दीलाई स्वास्थ्य सामग्री प्रदान




**दैनिक समाचारदाता**
**राजविराज, १९ मंसिर ।**

जेसीज सप्ताह अन्तरगत बिहीबार सप्तरी कारागारमा रहेका कैदीबन्दी, प्रहरी र कर्मचारीलाई स्वास्थ्य सामग्री सेनिटाइजर, सेनेटरी प्याड र मास्क वितरण गरिएको छ ।

कारागारमा रहेका कैदीबन्दी, कर्मचारीहरुको समस्यालाई मध्यजगर गर्दै उक्त सामग्री वितरण गरिएको राजविराज जेसीजले जनाएको छ ।

नेपाल जेसीजका पूर्व कार्यकारिणी उपाध्यक्ष शंकर शारदा र राजविराज जेसीजका अध्यक्ष नानीमैया कटवालले कारागारका निमित्त प्रमुख संजयकुमार रामलाई ती स्वास्थ्य सामाग्री हस्तान्तरण गरेका हुन् ।

हस्तान्तरण गरिएको सामाग्रीमा १० लिटर सेनिटाइजर, चार कार्टुन मास्क र ४० पोका सेनेटरी प्याडलगायत रहेका छन् ।

कार्यक्रममा सामुदायिक सेवा केन्द्रका अध्यक्ष हितनारायण लाल

***बाँकी तीन पृष्ठमा***

*सहकारी ऐन २०४८ अनुसार दर्ता नं. ११/०६८/०६९*

## जनज्योति कृषि सहकारी संस्था लिमिटेड

मुख्य कार्यालय रा.वि.न.पा.-९ मलेठ , सप्तरी

पान नं. ३०५११४४१७

चलानी नं. :- ८५
पत्र सख्या :- ०७७/०७८

मिति २०७७/०८/०७

सम्पूर्ण शेयरधनि महानुभावहरु,

**बिषय : संस्थाको नवौं वार्षिक साधारण सभामा उपस्थित हुने बारे ।**

महोदय,

प्रस्तुत सम्बन्धमा मिति २०७७ कार्तिक १४ गतेमा बसेको यस संस्थाको संचालक समितिको बैठकको निर्णय बमोजिम संस्थाको नवौं वार्षिक साधारण सभा कोभिड-१९ को संक्रमणलाई मध्यनजर गर्दै सहकारी बिभागबाट मिति २०७७ असोज १ गते जारी भएको सूचना बमोजिम तपसिलको मिति, समय र स्थानमा ईकाई भेलाको माध्यमबाट निम्न प्रस्ताबहरु उपर छलफल गरि निर्णय गर्नु पर्ने भएकोले यहाँहरुको अनिवार्य उपस्थितिका लागि पत्र पठाई सकिएको छ कुनै कारणवस पत्र प्राप्त नभएको भए यसै सुचनालाई आधारमानी यहाँहरुको उपस्थितिका लागि हार्दिक अनुरोध छ ।

<u>प्रस्ताबहरु</u>

१ संचालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. ०७६/७७ को प्रतिबेदन माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
२ संचालक समतिको तर्फबाट कोषाध्यक्षको प्रतिबेदन माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
३ लेखा सुपरिबेक्षण समितिको तर्फबाट प्रस्तुत आ.व.०७६/७७ प्रतिबेदन माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
४ आर्थिक वर्ष ०७६/७७ को लेखा परिक्षण प्रतिबेदन माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
५ आर्थिक वर्ष ०७७/७८ को प्रस्ताबित बजेट तथा कार्यक्रम माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
६ आर्थिक वर्ष ०७७/७८ को लागि लेखा परिक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
७ निर्णय पुस्तिकामा हस्ताक्षर गर्न शेयर सदस्यहरुको तर्फबाट प्रतिनिधि छनौट गर्ने सम्बनधमा ।
८ बिविध सम्बन्धमा ।

<u>कार्यक्रम</u>

१ मिति २०७७ मंसिर १५ गते देखि १९ गते सम्म उपस्थिति रजिष्टर खुल्ला रहने छ , सो अबधिमा प्रत्येक दिन बिहान ८ बजे देखि ११ बजे सम्म २०० जना र दिउँसो १ बजे देखि ४ बजे सम्म २०० जना गरि जम्मा ४०० जना शेयर सदस्यहरुको उपस्थितिमा सुझाब संकलन तथा प्रस्ताबहरु उपर छलफल गरि निर्णय गर्ने ।
२ मिति २०७७ मंसिर २० गते शनिवार ईकाइ भेला मार्फत प्राप्त सुझाब र प्रस्ताब उपर छलफल गरि साधारण सभालाई अन्तिम रुप दिने ।

**समय : बिहान ११ बजे देखि**
**स्थान : संस्थाको प्रांगण**

बिश्वनाथ मण्डल
अध्यक्ष

**लकडाउन अथवा निषेध आदेश रहँदा वा हटेपनि कोरोना संक्रमणको जोखिम कायम छ, सतर्क रहौं, सुरक्षित बनौं**

कोरोना भाइरस सजिलै सर्ने मुख्य तीन अवस्थाहरु

कोभिड-१९ बाट जोगिन तीन 'भ' बारे जानकारी राखौं



**भिडभाड हुने स्थान**
जहाँ धेरै मान्छेहरु जम्मा भएका हुन्छन

**भौतिक दूरी कम हुने स्थान**
जहाँ नजिक बसेर वार्तालाप गर्नुपर्ने हुन्छ

**भेन्टिलेशन नभएको**
वा दोहोरो हावा नचल्ने स्थान




यी तीनवटै अवस्थाको मिलाप हुने स्थानमा कोरोना संक्रमणको जोखिम अत्यन्त उच्च हुन्छ

भिडभाड, भौतिक दूरी कम हुने र भेन्टिलेशन पर्याप्त नभएका स्थानहरुबाट टाढा रहौं, कोरोनाबाट बचौं

तपाईंले अपनाउनु पर्ने सावधानीहरु



भिडभाड हुने स्थानमा नजाऔं तथा भौतिक दुरी कायम नहुने साँघुरो स्थानहरुमा सकेसम्म कम समय व्यतित गरौं

सार्वजनिक स्थानमा सदैव कम्तीमा दुई मिटर भौतिक दूरी कायम गरौं

पर्याप्त दोहोरो हावा प्रवाहका निमित्त झ्याल तथा ढोकाहरु खुला राखौं

हात संधै साबुन पानीले धोऔं तथा खोक्दा एवं हाच्छिउं गर्दा नाक तथा मुख छोप्ने बानी बसालौं

भौतिक दुरी आवश्यक हुने स्थानमा अनिवार्य रुपमा मास्कको प्रयोग गरौं

**साधारण लक्षण मात्र भएमा घरमै बसौं, आवश्यक परेमा अस्पताल जाऔं**

साभार : विश्व स्वास्थ्य संगठन

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## सरुवाको माग राखी मन्त्रालय नआउन कर्मचारीलाई आग्रह

काठमाडौं, १९ मङ्सिर (रासस)। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सरुवाको माग राखी मन्त्रालय नआउन कर्मचारीलाई आग्रह गरेको छ। मन्त्रालयले शुक्रबार सूचना प्रकाशन गरी प्रदेश र स्थानीय तहमा सरुवा गर्नका लागि मन्त्रालय नआउन कर्मचारीलाई आग्रह गरेको हो।

"स्वास्थ्य सेवाका कर्मचारीको कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भई सकेको र समायोजन हुन बाँकी र गुनासो सम्बोधनका केही कामहरु बाँकी रहेको सन्दर्भमा स्थानीय र प्रदेश तहमा समायोजित कर्मचारीको सरुवा गर्ने अधिकार यस मन्त्रालयलाई नरहेको स्थिति रहँदारहँदै सरुवाको माग गरी निवेदन आउने क्रम बढेको हुँदा सरुवासम्बन्धी कुनै कारवाही मन्त्रालयबाट नहुने व्यहोरा जानकारी गराइन्छ," मन्त्रालयले जारी गरेको सूचनामा उल्लेख छ। मन्त्रालयमा दिनहुँ स्थानीय तह र प्रदेश तहमा सरुवाका लागि कर्मचारीले निवेदन दिने गरेको पाइएको छ।

### प्रधानमन्त्री कपका ...

रोहन बिका रोहित सिंह, प्रशान्त सिंह, अनिल यादवसहित ७५ जना खेलाडीहरु सहभागि भएका छन् भने कुशहास्थित खेलमैदानमा सुरु भएको महिलातर्फको बन्द प्रशिक्षणमा ३८ जना खेलाडी सहभागि छन्।

मंसिर भित्र छनौट गरिसक्ने लक्ष्यका साथ सुरु गरिएको बन्द प्रशिक्षणमा प्रशिक्षकमा राजकुमार दास र धर्मेन्द्र चौधरीले आवश्यक स्वास्थ्य सावधानी अपनाई प्रशिक्षण दिइरहेको क्रिकेट संघ सप्तरीका सचिव चन्दन यादवको भनाई छ।

आठ महिना ढिलो भएपनि खेल मैदानमा उत्रिन पाउँदा खेलाडी निकै खुशी र उत्साहित देखिएका छन्। बन्द प्रशिक्षणमा सहभागि राष्ट्रिय खेलाडी रोहित सिंहले भने, ढिलै भएपनि खेल मैदानमा उत्रिन पाउँदा निकै खुशी लागेको छ।

अर्का राष्ट्रिय खेलाडी रोहन बिकले कोरोना महामारी जोखिमकाबीच नयाँ तरिकाले प्रशिक्षणमा सहभागि भएको बताउँदै राष्ट्रिय स्तरको प्रतियागितामा उत्कृष्ठ प्रदर्शन गर्ने लक्ष्यका साथ कडा महिनेत गरिरहेको सुनाए।

यसरी बन्द प्रशिक्षणबाट अन्तिम छनौटबाट परेकाहरु प्रदेश स्तरमा हुने प्रतिस्पर्धामा सहभागि हुने र त्यहाबाट छनौट भएकाहरु राष्ट्रिय स्तरको प्रतियोगितामा सहभागिता जनाउने क्रिकेट संघ सप्तरीले जनाएको छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# ओलीको निरंकुशताले पार्टी विभाजनको संघारमा



उपेन्द्र झा

विगतको चुनावमा एमालेले अप्रत्याशित रुपमा जितेको प्रतिनिधिसभाको यति धेरै सीट, माओवादीसँग एकीकरण गरेर झण्डै दुईतिहाई नजिक पुगेको शक्तिशाली र स्थिर सरकार बनाउन सफल, सम्भवतः नेपाली राजनीतिमा पहिलो पल्ट होला। राजनीतिभन्दा कूटनीतिमा खप्पिस केपी शर्मा ओलीले विगतको घटनाबाट आफ्नो कुशलता प्रदर्शन गरेकै हो। एकथरिको लागि यो धेरै ठूलो विजय थियो भने अर्को थरिको लागि दुर्भाग्य। अनुकूल अवसरको फायदा लुट्दै केपी शर्मा ओलीले शक्तिशाली सरकार बनाएर सम्राट जस्तो अहंकारका साथ पदासीन भए। पगपगको विजयले शक्तिको मद बढ्नु स्वाभाविक रहेपनि यसलाई सन्तुलित गरि विवेकका साथ सरकार चलाउनुको सट्टा दुर्योधन शैलीमा पार्टी र सरकार दुवै चलाउन थाल्दा ओली दुवै ठाउँमा आलोच्य हुन पुग्यो।

अहिले नेकपामा ओली गुट र प्रचण्ड गुटबीच ठूलो रडाको मच्चिएको छ। तत्कालीन एमालेका शीर्ष नेताहरु माधव नेपाल, झलनाथ खनाल, वामदेख गौतम आदि प्रचण्डतिरबाट वकालत गरिरहेका छन्। हुनत वामदेवलाई फकाउन ओली लागिपरेको छ तर बामदेवले बैठकबाटै समस्याको छिनोफानो हुनु पर्ने पक्षमा देखिन्छन्। ओलीलाई लगाइएको आरोपको ओलीले कुनै जवाफ नदिने कुरा भनिसकेका छन्। यो पंक्ति लेख्दासम्म "आफ्नो आफ्नो बाटो लाग्ने" ओलीको पार्टी विभाजनको अडान कायम नै देखिएको छ। ओलीले आफ्नो अनावश्यक दम्भपूर्ण हठ छोडेर बैठकहरुले गरेको निर्णय अनुसार हिंड्न मंजूर गऱ्यो भने सम्भवतः नेकपाको विभाजन रोकिने छ।

भारतलाई गाली गरेर राष्ट्रवादी शक्तिलाई संगठित गरि भोट लिनु, नेपाली कांग्रेसको पनि मत लिएर किनारा लगाउनु, "संविधान संशोधनबिना सरकारले चुनाव गरायो भने महाभारत हुन्छ", "देश विखण्डनमा जान्छ", "कुनै पनि हालतमा चुनाव हुन दिदैनौं" आदि आदि कान्तिकारी नाराहरु दिंदै चुनाव बहिष्कार गर्ने संघीय समाजवादी फोरमका अध्यक्ष उपेन्द्र यादव तथा राजपालाई सजिलै बिनाशर्त चुनावमा पठाएर आफ्नो समर्थनमा ल्याउनु, माओवादीलाई एमालेसँग एकीकरण गराउनु आदि यिनका उल्लेखनीय कार्य सफलता थियोइङ्गुँ्स।

उपरोक्त सबै कुरा राज्यसत्ता हितका लागि रहेकोले तथा चीनको सशक्त सहयोगका कारण ओली कदम-कदममा सफल हुँदै गएकोबाट शक्तिमद पनि सोहीअनुसार चढ्दै गयो। केपी शर्मा ओली प्रधानमन्त्रीको रुपमा आएपछि उनको विजयोन्माद चरम सीमामा पुग्यो। ओलीको मनपरितन्त्र निर्वाध बढ्न थालेपछि अरुभन्दा पार्टीकै सहकर्मीहरुले ओलीको विरोध शुरु गऱ्यो। बिस्तारै आमजनतामा ओलीको अलोकप्रियता छर्लङ्ग हुँदै गयो।

शक्तिशाली सरकारको प्रधानमन्त्री तथा दुर्योधन जस्तो अहंकारका साथ जब ओली राज्यसत्तालाई आफ्नो मनोकाँक्षा अनुरुप चलाउन थाल्यो अनि ठूला ठूला आन्दोलन सडकमा देखा पऱ्यो। "म भ्रष्टाचार गर्दिन अरुलाई पनि गर्न दिन्न" भन्ने प्रधानमन्त्री केपी शर्मा ओलीले भ्रष्टाचारमा हात हाल्दा राज्यसत्ताको कोपको भाजन हुने भएपछि उनले यथास्थितिलाई नै स्वीकार गरि चल्न थाल्यो। राज्यसत्तालाई छुने बित्तिकै झट्का लाग्ने भएपछि गर्न चाहेका जनपक्षीय कामहरु सबै थला परे। क्रमिक रुपमा ओलीको सरकारले गर्ने कामकारवाहीप्रति उदासीनता बढ्न थाल्यो। प्रधानमन्त्री ओलीको निष्क्रियता बढेपछि देशमा भ्रष्टाचारका घटनाहरु तीव्र रुपमा बढ्न थाल्यो।

सुरक्षण छापाखाना खरीदमा बहालवाला संचारमन्त्रीको टेप प्रकरण, नेकपाका महासचिव विष्णु पौडेल समेतको नाम बालुवाटार ललिता निवासको जग्गा प्रकरणमा अख्तियारको कारवाहीमा नाम सार्वजनिक हुँदा प्रधानमन्त्रीको मर्यादालाई बिर्सेर केपी शर्मा ओलीले तिनीहरुको पक्षमा वकालत गरेपछि यिनको साख यहींबाट घटेको हो। शक्तिशाली सरकारको दायित्व के हुनु पर्ने र प्रधानमन्त्री के गर्न थालेको भन्ने विषयले बुद्धिजीवी मात्र होइन, पार्टीका सहकर्मीलगायत आमजनता पनि असन्तुष्ट भएका छन्। त्यसपछिका दिनमा यिनलाई दायित्वबोध गराउन पार्टीले अंकुश लगाउन खोज्दा पार्टीको तथा सरकारको अध्यक्ष आफै भएपछि दुइटै संस्था मेरो हो यसमा मलाई अंकुश लगाउने अरु को हुन् भन्ने अहंकारले यिनको निरंकुशतालाई छर्लङ्ग पारि दियो।

पार्टीको आचार संहिताविपरीत ओलीको निरंकुता प्रदर्शनलाई नियन्त्रण गर्ने उद्देश्यले पार्टीले केपी शर्मा ओलीको पार्टी अध्यक्ष तथा प्रधानमन्त्री पद दुवै ठाउँबाट राजीनामा मागेपछि त भुसको आगो त ज्वालामुखी जस्तै दन्किन थाल्यो। बडो परिश्रमबाट आफूले खडा गरेको अहंकारको भव्य महलमा आफ्नै सहकर्मीले डोजर लगाएपछि सपनाको महल धाराशायी हुने भयले केपी शर्मा ओली पार्टीको चिन्ता छाडेर आफ्नो अहंकारको महल बचाउने चेष्टामा लागेपछि यिनले नेपाली जनताबाट प्राप्त गरेको सबै सहानुभूति खरानी भयो।

त्यसपछि कुनै घटनाको प्रतिक्रियात्मक रुपमा पनि होइन, आफै-आफै दिनपिच्छै अनावश्यक रुपले केपी शर्मा ओली महत्वहीन अभिव्यक्ति दिन शुरु गऱ्यो। एक दिन - "कर्णालीका मन्त्रीहरु हटाएमा त्यही संख्यामा केन्द्रमा पनि मन्त्री हटाउँछु।" दोश्रो दिन - "तत्काल बैठक बस्न आवश्यक छैन। बहुमतको बलमा बैठक बसाले त्यस्को निर्णय अस्वीकार गर्छु र त्यसको बदलामा ठूलै एक्शन लिन्छु।"

आफै बर्बराई रहने क्रममा तेश्रो दिन - "मैले राजीनामा दिनु भनेको देशलाई बर्बादीतिर जान दिनु हो। यसकारण म राजिनामादिनेवाला छैन।" चौथो दिन - "अविश्वासको प्रस्ताव कहाँ कसरी तयारी भइरहेको छ, जानकारी छ। म ती सबै सामना गर्छु, प्रतिरोध गर्दै चकनाचुर पार्छु।" पाँचौं दिन - "सरकार असफल पार्ने र पार्टी फुटाउने काममा लाग्नु भएको छ। विवाद, गुटबन्दी र विघटनको बाटो छोड्नुस। त्यसपछि सल्लाहबाटै बैठक भई हाल्छ।"

छैठौं दिन - "दोश्रो पटक किडनी फेरेपछि त सेता जुँगा पनि काला भए। जोश बढि रहेको छ। कपाल पनि कालै भइरहेको छ।" सातौं दिन - "बैठक बसालेर भिड्न खोज्नु भएको हो भने भिडौं। म तयार छु। पहिला पनि भनेको छु, एउटा कुनै एक्शन लिनु भयो भने म त्यसभन्दा ठूलो एक्शन लिन्छु। आठौं दिन - "म मानिस सानो र खुट्टाहरु समेत साना साना भएपनि अझै देशको कार्यभार बोक्न सक्ने अटल विश्वास र क्षमता छ।" कार्तिक १६ गतेदेखि २६ गतेसम्मको यो अर्थहीन अभिव्यक्ति दिनुभन्दा पार्टीको नियम कानून आचार संहिता मानेर असन्तुष्ट पक्षलाई सहमतिमा लिएर अगाडी बढ्दा न ओलीलाई राजीनामा दिनु पर्ने अवस्था आउँछ न कुनै पहाड खस्ने सम्भावना छ। बरु ओलीको निरंकुशताले पार्टी विभाजन रेखाकोरी दिएको स्पष्ट हुन्छ।

असन्तुष्ट पक्षले वाइडबडी खरीद, छापाखाना खरीद, संचारमन्त्रीको टेप प्रकरण, यती होल्डिङ्सको शंकास्पद कारोवार, चिनी आयात घोटाला, ओम्नी समूहसँग मिलेर स्वास्थ्य उपकरण खरीदमा अनियमितता, राजस्वका दररेट परिवर्तन आदिमा सरकारको संलग्नता रहेको आरोप लगाएको छ।

ओली सरकार हत्या हिंसा, भ्रष्टाचार, दुराचार, व्यभिचार र कमीशनखोरीलाई बढावा दिएको आरोपसँगै केपी शर्मा ओली गुट संचालन गरि पार्टी फुटाउन खोजेको गम्भीर ओरोप लगाएका छन्। यो सत्य पनि हो। माओवादीलाई पार्टीबाट बाहिर गर्ने नियतले प्रदेश प्रदेशका तत्कालीन जबज साथीहरुलाई संगठित पार्नुको अर्थ के ? "आफ्नो आफ्नो बाटो लागौं" स्पष्ट रुपमा ओलीको भनाईको अर्थ के हो ? अर्थात् ओली माओवादीलाई पार्टीबाटै अलग गर्ने आन्तरिक मनसायकै आधारमा यस्ता अभिव्यक्ति र व्यवहार प्रदर्शित गरेको हो। अहिले माओवादीसँग रहेका तत्कालीन एमालेका शीर्ष नेताहरु माओवादीसँग जान्छन् कि एमाले पार्टीमा बस्छन् हेरेर व्यवहार गर्न ओली जानेको छ।

तर ओलीले सोचेका योजनाहरु सफल नहुने सम्भावना पनि छ। ओलीको दोश्रो दिनको "बहुमतको बलमा बैठक बसाले त्यसको निर्णय अस्वीकार गर्छु र त्यसको बदलामा ठूलै एक्शन लिन्छु" अभिव्यक्तिमा बहुमतको झलक आफैले दिएको कुरा प्रष्ट छ। ओली आफ्नो हठका कारण विध्वंश मच्चाउनेतिर गयो भने त्यसको परिणाम ओलीले मात्र भोग्ने पनि प्रष्ट देखिन्छ। पार्टीमा ओली अल्पमतमा रहेको कुरा आफैले स्वीकारेको छ। एक्शन लिने कुरा यति सजिलो पनि देखिदैन।

देशमा विद्यमान कोरोनाको प्रकोपलाई रोक्न र व्यवस्थित गर्न, उत्पादनशीलतालाई सुचारु गर्न, भ्रष्टाचारलाई नियन्त्रण गर्न, देशमा भइरहेको हत्या हिंसा र बलात्कारपछि हत्या गर्ने, एसिड छयाप्ने जस्ता अपराधी गतिविधि तीव्ररुपमा बढिरहेको अवस्थामा सरकारको निष्क्रियता किन रहेको जनता बुझ्न सकेको छैन। देश राजनीतिक रुपले अराजक अवस्थामा गएको महसुस गरिएको छ। अपराधीहरु निर्वाध रुपमा गतिविधि संचालन गर्दा सरकारको उपस्थिति नदेखिनु आश्चर्यको विषय हो।

विगतमा ओलीले पाएको राजनीतिक सफलतालाई संयोग नभनी आफ्नो पराक्रम ठानेर विजयोन्मादमा रमाई रहँदा आफ्ना सहकर्मीमाथि एक्शन लिनुभन्दा अपराधीले जनतालाई दुःख दिई रहँदा एक्शन लिनु बेश हुन्थ्यो कि। संसारमा कुनै कुरा शाश्वत छैन। कीर्ति मात्र शाश्वत हुन्छ र त्यो आफ्नो स्वार्थ छोडेको अवस्थामा पाइन्छ। यहीं धुल धुरसित भएका कतिपय शासकहरु जिउँदै छन्। त्यही पंक्तिमा उभिने विचार हो भने त भन्नु केही छैन। पराक्रमकै बलमा आएको शक्ति हो भने देश र जनताका लागि प्रयोग गर्नुस्, ठूलो नाम हुन्छ। बिना सरकारको देश महसुस हुनलागदा जनताको आस्थालाई बचाउनुस्। *(मधेश दर्पण फिचर सेवा)*

# ‘जीवनरक्षक खोप अत्यधिक मुनाफा कमाउने माध्यम बन्नु हुँदैन’

काठमाडौँ, १९ मङ्सिर (रासस)।

प्रधानमन्त्री केपी शर्मा ओलीले सम्पूर्ण मानवजगत् सङ्कटमा रहेका अवस्थामा जीवनरक्षक खोप अत्यधिक मुनाफा कमाउने माध्यम बन्न नहुने बताउनुभएको छ। कोभिड-१९ महामारीसम्बन्धी ३१औँ विशेष संयुक्त राष्ट्रसङ्घीय महाअधिवेशनलाई पूर्वअभिलेखित ‘भिडियो’मार्फत शुक्रबार सम्बोधन गर्दै उहाँले खोपहरू विश्वव्यापी सार्वजनिक वस्तुका रुपमा सबै राष्ट्र तथा मानिसका लागि सर्वसुलभ र पहुँचयोग्य हुनुपर्नेमा जोड दिनुभयो।

उहाँले कोभिड-१९विरुद्धको खोपसम्बन्धी सुखद् समाचारबाट प्रोत्साहित भए पनि सबैका लागि खोपको उपलब्धताको विषय ठूलो अनिश्चितताका रुपमा देखापरेको तथा धनी र गरीब सबैका लागि खोपको पहुँच सुनिश्चित गर्नमा ‘कोभाक्स’ले गरेको प्रयासको सराहना गर्दै भन्नुभयो, “खोपको विश्वव्यापी पहुँच सुनिश्चित नभएसम्म संसार महामारीबाट सुरक्षित हुने छैन।”

तेह्र लाखभन्दा बढीले ज्यान गुमाइसकेका तथा प्रायः सबै समाज, अर्थतन्त्र र मुलुक गम्भीररुपमा प्रभावित भइरहेका सन्दर्भमा महामारीको त्रासदी अकथनीय रहेको बताउँदै उहाँले विद्यमान महामारी एक स्वास्थ्य सङ्कट मात्र नभएर राष्ट्रबीच आपसीरुपमा तथा आन्तरिकरुपमा चुलिँदै गएको असमानता एवं मानिसको जीवन र प्रकृतिबीचको बढ्दो असमाञ्जस्यताविरुद्ध जागरुक हुन बजेको घण्टी भएको विचार व्यक्त गर्नुभयो।

एउटा संसारलाई एउटा सानो जहाजका रुपमा चित्रण गर्दै प्रधानमन्त्री ओलीले हामी सबै यसका यात्री भएकाले हामीलाई मन परोस् वा नपरोस्, हामी एउटै भाग्यका हिस्सेदार भएको अमूल्य शिक्षा महामारीले हामीलाई प्रदान गरेको बताउनुभयो।

स्वास्थ्य स्याहार प्रणालीको सुदृढीकरण, जनताको जीवनको रक्षा एवं दिगो तथा उत्थानशील पुनःस्थापनाका उद्देश्यबाट नेपाल मार्गनिर्देशित भएको, आवश्यक परेकालाई निःशुल्क परीक्षण एवं उपचार सेवा प्रदान गरिएको तथा सङ्घीय, प्रान्तीय एवं स्थानीय तहका स्वास्थ्य प्रणालीमा आवश्यक पूर्वाधार, मानवीय तथा वित्तीय स्रोत र चिकित्सकीय उपकरण सुनिश्चित गरिएको जानकारी उहाँले दिनुभयो। “अन्य मुलुक झैँ नेपाल पनि यसस्तरको सङ्कटका लागि तयार थिएन तर भाइरसको नियन्त्रणका लागि हामीले उपलब्ध सबै राजनीतिक, आर्थिक, मानवीय तथा प्राविधिक स्रोतको परिचालन गरेका छौँ”, अकल्पनीय स्वास्थ्य सङ्कटविरुद्ध नेपालको लडाइँबारे जानकारी दिँदै प्रधानमन्त्री ओलीले भन्नुभयो।

सङ्कटको वर्तमान घडीमा देखाएको विश्वव्यापी समन्वय र नेतृत्वका लागि नेपाल संयुक्त राष्ट्रसङ्घ तथा विशेषतः विश्व स्वास्थ्य सङ्गठनको सराहना गर्दै उहाँले चुनौतीको सामना गरिरहँदा त्यसबाट पार पाउन सुदृढ विश्वव्यापी सम्बोधनको आवश्यकता रहेको औँल्याउनुभयो।

बहुपक्षीयतालाई स्वच्छ नयाँ जीवन दिनुपर्ने, गरीबी, भोकमरी तथा बढ्दो असमानतालगायत जलवायु सङ्कट एवं विश्वव्यापी महामारीजस्ता समसामयिक विश्वका गम्भीर चुनौती सामना गर्नसक्ने पुनःसबलीकृत बहुपक्षीयताको आवश्यकतामा जोड दिँदै प्रधानमन्त्रीले भन्नुभयो, “हामीले सहकार्य र ऐक्यबद्धताको मार्ग छनोट गर्नुपर्छ, एकल कार्य होइन, महामारी अन्तरराष्ट्रिय प्रतिबद्धता र सहकार्यबाट पछि हट्ने बहानाका रुपमा प्रयोग गरिनु हुँदैन। विशेष परिस्थितिमा रहेका राष्ट्रहरुलाई आफ्नो अर्थतन्त्र स्थिर बनाउन, आर्थिक स्थिरता रक्षा गर्न तथा ऋण सङ्कटको सामना गर्न बृहत् सहयोगको खाँचो छ।”

दुई दिवसीय उक्त विशेष महाधिवेशनलाई ३७ देशका राष्ट्राध्यक्ष, ३९ राष्ट्रका सरकार प्रमुखसहित १५५ राष्ट्रका राजनीतिक नेतृत्वले सम्बोधन गर्ने कार्यक्रम रहेको न्यूयोर्कस्थित राष्ट्रसङ्घका लागि नेपालको स्थायी नियोगले जनाएको छ।

### *कैदीबन्दीलाई ...*

दास, राजविराज जेसीजका पूर्व अध्यक्ष मनोहर पोखरेल, नगर बाल सञ्जालकी अध्यक्ष अनिषा ठाकुरलगायत जेसीजका पदाधिकारी, प्रहरी र कैदीबन्दीका प्रतिनिधीको उपस्थिती रहेको थियो।

हाल कारागारमा १ आश्रित बालक र १७ महिलासहित ३ सय ७० जना कैदी बन्दी रहेको निमित्त प्रमुख रामले जानकारी दिए।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मलः** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५–६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी–१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी–२ | स्टोकिङ्ग डेन्सिटी–३ | स्टोकिङ्ग डेन्सिटी–४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुंको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

**मोवाईल नं. ९८५२८२०९३५**

## विश्व समाचार

### बाइडेनको पहिलो काम : “सय दिन मास्क लगाऔँ अभियान” सञ्चालनको तयारी

वासिङ्टन, १९ मङ्सिर (रासस/एपी)।

अमेरिकाका नवनिर्वाचित राष्ट्रपति जो बाइडेनले राष्ट्रपतिको रुपमा आफ्नो पहिलो काम मास्क सम्बन्धी अभियान सञ्चालन गर्ने तयारी गर्नु भएको छ। उहाँले आफ्नो कार्यकाल शुरु भएसँगै सबै अमेरिकीलाई मास्क लगाउन आह्वान गर्दै “सय दिन मास्क लगाऔँ” अभियान चलाउने बिहीबार जानकारी दिनु भएको हो।

वर्तमान राष्ट्रपति डोनाल्ड ट्रम्प कोरोनाभाइरसको महामारी फैलिन नदिनका लागि मास्क लगाउनु पर्ने मान्यताको विपक्षमा उभिदै आउनु भएको छ। राष्ट्रपतिमा नवनिर्वाचित बाइडेनले ट्रम्पको मान्यतालाई गलत सावित गर्नेगरी मास्कको प्रयोग गर्न प्रोत्साहन गर्ने अभियान ल्याउन लाग्नु भएको हो।

अमेरिकामा हालै भएको निर्वाचनमा पनि मास्कको प्रयोग गर्ने वा नगर्ने विषयमा नेताहरु विभाजित भएर यस विषयले राजनीतिक रुप लिएको थियो। मास्कको प्रयोगको विपक्षमा राष्ट्रपति लगायतका व्यक्तिहरु नै लागेकाले अमेरिकामा कोरोनाभाइरसको सङ्क्रमण धेरै फैलिएको र धेरै मानवीय क्षति भएको टिप्पणी पनि हुँदै आएको छ। राष्ट्रपति ट्रम्पले मास्कको प्रयोग गर्न लगाएको भए महामारी न्युन हुने विश्वास र दावी धेरैले गरेका छन्।

अमेरिकामा कारोनाभाइरसबाट सङ्क्रमित भएका मध्ये अहिलेसम्म दुई लाख ७५ हजारभन्दा बढीको मृत्यु भइसकेको छ। राष्ट्रपतिमा निर्वाचित बाइडेनले भने निर्वाचन अगाडिदेखि नै मास्कको प्रयोग सबैले गर्नु पर्नेमा जोड दिँदै आउनु भएको थियो। उहाँले महामारी नियन्त्रणका लागि मास्कको प्रयोग अति प्रभावकारी र उपयोगी हुने भएकाले आफ्नो प्रशासनले त्यस अनुसारको निर्णय र कार्यक्रमहरु ल्याउने बताउनु भएको छ।

मास्कको प्रयोगविना महामारी अन्त्य गर्न नसकिने भएकाले मास्कको प्रयोग बढाउन र सबैलाई त्यसका लागि प्रेरित गर्न उहाँले अभियान नै चलाउने तयारी गर्नुभएको हो। आफूले आगामी जनवरी २० तारिखका दिन राष्ट्रपतिको जिम्मेबारी सम्हालेकै दिन मास्क प्रयोगका लागि सबैलाई आह्वान गर्ने र अभियान चलाउने सिएनएनसँगको कुराकानीका क्रममा बाइडेनले बताउनु भएको छ।

अमेरिकामा हरेक चार चार बर्षमा राष्ट्रपति चयनका लागि निर्वाचन हुने र त्यसपछि आउने जनवरी २० तारिखका दिन नवनिर्वाचित राष्ट्रपतिलाई ह्वाइट हाउस प्रवेश गराउने व्यवस्था रहेको छ।आगामी जनवरी २० मा ह्वाइट हाउस प्रवेश गर्ने बाइडेनले भन्नुभयो, “मैले पदबहाली गरेका दिन सबै अमेरिकीहरुलाई मास्क प्रयोगका लागि अपिल गर्नेछु। यो नै मेरो पहिलो काम हुनेछ।”

उहाँले मास्क प्रयोग गर्न आह्वान गर्ने अभियान सय दिनको मात्र हुने र त्यसपछि अनिवार्य नगरिने पनि स्पष्ट पार्नुभयो। सय दिन सबै अमेरिकीले मास्क प्रयोग गरेमा महामारी धेरै न्युन हुने र यसले सहजता ल्याउने विश्वास पनि उहाँले व्यक्त गर्नुभयो।

### युनिसेफद्वारा २०२१ का लागि ६ अर्ब ४० करोड डलर बजेट अनुरोध

संयुक्त राष्ट्रसङ्घ, १९ मंसिर (रासस-सिन्ह्वा)।

संयुक्त राष्ट्रसङ्घीय बालकोष (युनिसेफ)ले आगामी वर्ष सन् २०२१ का लागि ६ अर्ब ४० करोड अमेरिकी डलर बजेट आवश्यक पर्ने जनाएको छ। युनिसेफले आफूले सञ्चालन गरेको आपतकालीन कोष व्यवस्थाबाट १ करोड ९० लाख बालबालिकासहित कूल ३० करोड व्यक्तिलाई आपतकालीन सहयोग गर्न उक्त रकम आवश्यक पर्नेछ। यो रकमका लागि दातृ निकाय समक्ष अपिल गरिएको युनिसेफको प्रधान कार्यालयले जनाएको छ।

युनिसेफले माग गरेको उक्त रकम चालु वर्षको भन्दा ३५ प्रतिशत बढी हो। युनिसेफद्वारा जारी वक्तव्यमा कोभिड-१९ महामारीका कारण अति जोखिममा परेका समुदाय खासगरी महिला र बालबालिकालाई मानवीय सहायता उपलब्ध गराउन उक्त रकम जरुरी रहेको उल्लेख छ।

युनिसेफका कार्यकारी निर्देशक हेनरिटा फोडले महाविनाशकारी कोभिड-१९ महामारीसँगै द्वन्द्व, जलवायु परिवर्तन, विपद् र विस्थापनका कारण त्यसबाट बालबालिकामाथि पर्ने प्रभाव भयावह हुने बताउनुभएको छ। उहाँले भन्नुभयो, “आज कोभिड-१९ का कारण बाल अधिकारमाथि चुनौतीहरु खडा भएका छन्। उनीहरु स्वास्थ्य र अन्य कल्याणका कार्यबाट विमुख हुनुपर्ने अवस्था छ।”

यस अभूतपूर्व परिस्थितिमा अभूतपूर्व प्रतिक्रिया जरुरी हुने बताउँदै उहाँले यस घडीमा सबै दातृ निकायलाई बालबालिकाको समुन्नत भविष्यका लागि अझ बढी एकताबद्ध भएर हातेमालो गर्न आह्वान गर्नुभएको छ। बालबालिकाका लागि अहिले नियमित खोप अभियान ६० भन्दा बढी मुलुकमा अवरुद्ध भएको छ। कोभिड-१९ का कारण विद्यालय बन्द भएका कारण झण्डै २५ करोड भन्दा बढी बालबालिका शिक्षाको अवसरबाट वन्चित भइरहेका छन्।

युनिसेफले आर्थिक अस्थिरताले अत्यावश्यकीय सेवामा असर परेको तथा धेरै परिवारलाई आफ्ना अति जरुरी कुराहरु पूरा गर्न कठिनाई भएको तथा लैंगिक हिंसाका घटना बढेको पनि जनाएको छ। साथै, यसै वर्ष नयाँ मानवीय सङ्कट पनि उत्पन्न भएको युनिसेफको भनाई छ। अफ्रिकी मुलुक इथियोपियाको टिग्रे क्षेत्रमा उत्पन्न द्वन्द्वका कारण २८ लाखभन्दा बढी नागरिकलाई अत्यावश्यक सेवा आवश्यक भइसकेको छ। मोजाम्बिकको काबो डेलगाडो प्रान्तमा १ लाख ९१ हजार बालबालिका समेत ४ लाख २५ हजारभन्दा बढी व्यक्ति विस्थापित भएका छन्। यहाँ व्यक्ति हत्या, अपहरण, सैनिक सेवामा जबर्जस्ती भर्ना तथा बालसैन्यका रुपमा बालबालिकालाई प्रयोग गरिएको युनिसेफको भनाइ छ।

जलवायुसँग सम्बन्धित विपद् विगत ३० वर्षमा तीन गुणा बढेको छ। यसबाट खाद्य सुरक्षामा चुनौती थपिएको, पानीको स्रोत घटेको तथा मानिसलाई अन्य पलायन हुन बाध्य पार्नुका साथै द्वन्द्व र सार्वजनिक स्वास्थ्यको जोखिम बढाएको छ। ठूल्ठुला आँधीले मध्य अमेरिकी मुलुकमा ठूलो क्षति पुगेको र त्यसबाट जोखिममा रहेका समुदायको सङ्ख्या बढाएको छ। यहाँ झण्डै २६ लाख बालबालिकालाई असर परेको छ। पूर्वी एशियाका फिलिपिन्स, भियतनाम र कम्बोडिया समेतका मुलुकका १ करोड ३४ लाख बालबालिका प्रभावित भएका छन्।

# लैङ्गिक हिंसा सम्बन्धी अन्तकृया कार्यक्रम सम्पन्न




**दैनिक समाचारदाता**
**राजविराज, १९ मंसिर ।**

लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानअन्तर्गत शुक्रबार राजविराज नगरपालिकाका कार्यपालिका सदस्यहरुसँग लैङ्गिक हिंसा सम्बन्धी अन्तकृया कार्यक्रम सम्पन्न भएको छ ।

मूल समारोह समितिको आयोजना र प्रादेशिक कानुनी सहायता समितिको संयोजनमा 'लैङ्गिक हिंसा सम्बन्धी कानुन' विषयक अन्तकृया कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा 'विवाह, वैवाहिक बलात्कार, बहुविवाहको कानून' बारे अधिवक्ता मनु खनाल र 'घरेलु हिसा'बारे अधिवक्ता किरण साहले अन्तरक्रियात्मक छलफल गरेका छन् ।

कार्यक्रममा इन्सेक प्रतिनिधी मनोहर पोखरेलले नीति निर्माताले लैङ्गिकमैत्री कानुन बनाउने, कार्यान्वयन गर्नेले कानुन कार्यान्वयन गर्ने र हरेक नागरिकले हिंसा विरुद्ध खबरदारी गर्नुपर्ने बताए ।

कार्यक्रममा प्रमुख प्रशासकिय अधिकृत मदनकुमार थापा, सूचना अधिकारी मनोजकुमार यादव, राजविराज जेसीजका अध्यक्ष नानीमैया कटवाल, उपाध्यक्ष मीना साह, समग्र जनउत्थान केन्द्रका कृष्णकुमार साह, मैथिली महिला परिषद्की प्रतिमा देवलगायत वडा अध्यक्षहरुले आ-आफ्नो विचार राखेका थिए ।

मूल समारोह समितिका अध्यक्ष मनोहर पोखरेलको अध्यक्षता एवम् नगर प्रमुख शम्भुप्रसाद यादवको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा राजविराज नगरपालिका वडा नम्बर १ देखि १६ सम्मका वडा अध्यक्ष र कार्यपालिका सदस्यहरुको सहभागिता रहेको थियो ।

# शिकारीले छाडेको बन्दुक पड्केर मृत्यु

उदयपुर, १९ मङ्सिर (रासस) ।

बुधबार राति उदयपुर बेलका नगरपालिकास्थित तपेश्वरीको सबडिभिजन वन कार्यालय तपेश्वरीका वनरक्षक ४० वर्षीय लेखनाथ बाँस्तोलाको शिकारीले छाडेको भरुवा बन्दुक पड्केर मृत्यु भएको छ । डिभिजन वन कार्यालय उदयपुर गाईघाटका सूचना अधिकारी तथा सहायक वन अधिकृत जागेश्वर साहका अनुसार बाँस्तोलाको मृत्यु शिकारीले छाडेको बन्दुक बोकेर कार्यालयमा ल्याउने क्रममा पड्केर मृत्यु भएको हो । मृतकका आफन्तले बिहीबार रातिसम्म पनि शव बुझ्न नमानेका साहले बताउनुभयो ।

डिभिजन वन कार्यालय गाईघाटका अनुसार बुधबार राति सबडिभिजन वन कार्यालय तपेश्वरीका दुई जमदार, दुई सिपाही र दुई वनरक्षक गरेर छ जना रात्रिगस्तीमा गएका थिए । जङ्गलमा चोरी शिकारी फेला परेपछि वनका कर्मचारीले घेर्ने क्रममा शिकारी बन्दुक छाडेर भागेपछि उक्त बन्दुक वनरक्षक बाँस्तोलाले बोकेर गाडीबाट कार्यालयसम्म ल्याएको डिभिजन वन कार्यालय गाईघाटले बताएको छ ।

बाँस्तोलाले राति १० बजे उक्त लोड भएको भरुवा बन्दुक कार्यालयभित्र लाने क्रममा ढोका नजिकै पड्कँदा आफैँलाई लागेर घटनास्थलमै उनको मृत्यु भएको डिभिजन वन कार्यालय गाईघाटका प्रमुख अम्बिका पौडेलले बताउनुभयो ।

घटनापछि बिहीबार सुनसरी दुहबी घर भएका वनरक्षक बाँस्तोलाका आफन्तलाई बोलाइएको र घटनाबारे जानकारी गराएर प्रहरी र वनका कर्मचारीले शव बुझ्न आग्रह गरे पनि मृतकका आफन्तले शव बुझ्न नमानेपछि बिहीबार रातिसम्म शव कार्यालयमै रहेको डिभिजन वन कार्यालय गाईघाटले जनाएको छ । मृतकका एक आफन्तले आफैँ बन्दुक पड्कन असम्भव रहेको र यसभित्र कुनै रहस्य भएका कारण छानबिन भएर वास्तविकता बाहिर नआएसम्म आफूहरूले शव नबुझ्ने बताउनुभयो ।

# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**





देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →




**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*